प्रमाणिकरण मितिः २०८०/०१/१९

# तहवृद्धि सम्बन्धी निर्देशिका, २०८०

गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत मितिः२०८०/०१/१७

रौतामाई गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर

कोशी प्रदेश, नेपाल

प्र.प्र.अ. श्री जनक बस्नेत
बाट
प्रमाणित गरेको।
२०८०/०१/१९

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

## स्थानीय सेवामा कार्यरत स्थायि कर्मचारीहरुको एक पटकको लागि एक तह बृद्धि संम्बन्धी निर्देशिका, २०८०

प्रस्तावना:

निजामति सेवा, संघीय लोकसेवाबाट स्थानिय तहमा सिफारिस भएका र अन्य सेवाबाट स्थानीय तहमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको कर्मचारीहरुको एक पटकका लागि एक तह बृद्धि सम्बन्धमा कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ८ को उप दफा (१६) को प्रावधान कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्वन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाको उदयपुरको बैठकले यो निर्देशिका जारी गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम " स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तह बृद्धि सम्बन्धी निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यादेश" भन्नाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्वन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले सङ्घीय लोक सेवा आयोगबाट गाउँपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका र रौतामाई गाउँपालिका उदयपुरका विभिन्न सेवा भित्रका पदमा विभिन्न शाखा र निकायमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले रौतामाईगाउँपालिका उदयपुर सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले रौतामाई गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "निकाय" भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रौतामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।



जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ज) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

(झ) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ञ) "स्थायी पद" भन्नाले निवृत्तिभरण वा योगदान मूलक निवृत्तिभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

(ट) "तह बृद्धि" भन्नाले अध्यादेशको दफा ८ (१६) बमोजिमका कर्मचारीहरुको एक पटकको लागि एक तहवृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ठ) "समिति भन्नाले" भन्नाले दफा ८ बमोजिमको तह बृद्धिका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

(ड) "अख्तियारबाला" भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ ।

## परीच्छेद २

## तह बृद्धिका आधार अवस्था र प्रकृया

३. तह बृद्धिका आधारः (१) तह बृद्धिको आधारहरु देहाय बमोजिम हुनेछ ।

(क) अध्यादेश बमोजिमको दफा ८ को उपदफा (१६) अनुसार मापदण्ड पुगेका स्थानीय सेवाका कर्मचारीहरुको एक पटकको लागि एक तह बृद्धि हुनेछ ।

(ख) कर्मचारीको तह बृद्धि र बढुवाका लागि ज्येष्ठताको गणना अध्यादेशको दफा २७ अनुसार गरिनेछ ।

तर, सघीय लोकसेवा आयोगबाट छैटौ तहको पदमा सिफारिस भई नियुक्ति भएको कर्मचारीको जेष्ठता गणना गर्दा छैटौ तहको पदमा नियुक्ति पाएको मितिबाट कायम हुनेगरी सेवा अवधि गणना गरिनेछ ।

(ग) निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भई आएका स्थायी कर्मचारी तथा सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुँदाका बखतसम्म तह बृद्धिं नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह बृद्धि गरिनेछ ।

(घ) उपदफा १ अनुसार बढुवा हुनका लागि तथा उपदफा २ बमोजिम तह बृद्धि हुनका लागि यो निर्देशिका प्रारम्भ हुन साथ कार्यालयले बढुवा र तह बृद्धि हुने कर्मचारको लागि ७ सात दिने सूचना प्रकाशन गर्नेछ ।

४. दफा ३ बमोजिम बढुवा र तह बृद्धि हुने कर्मचारीले उपदफा १ (ङ) बमोजिम सूचना प्रकाशन भए पश्चात् देहायका कागजातहरु संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,



जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

५. तह बृद्धिहुन सक्ने अवस्थाः (१) देहायको अवस्थामा कर्मचारीको एक तह बृद्धि गरिनेछ ।

(क) अन्य सेवा (साविक गा.वि.स.,जि.वि.स.,विकास समिति) बाट स्थायी नियुक्तिभइ कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन पूर्वके पद तहमा समायोजन भई हाल सम्म तह बृद्धि वा बढुवा नभएका स्थानीय तहको कर्मचारीहरु

(ख) संघीय लोकसेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहको पदमा पदस्थापना भएका छैठौ तहका कर्मचारीहरु

(ग) स्थायी निजामती कर्मचारीहरु समायोजन ऐन, २०७५ बमोजिम समान पद र तहमा स्थानीय तहको पदमा समायोजन भई यो मापदण्ड स्वीकृत हुँदाको बखत संम्म तह बृद्धि नभएका कर्मचारीहरु

६. यस मापदण्ड बमोजिम तह बृद्धि हुन नसक्ने अवस्थाः (१) देहायको अवस्थाको कर्मचारीहरुको तह बृद्धि हुने छैन ।

(क) समायोजन पछि बढुवा भएको भएमा,

(ख) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्षसम्म,

(ग) यस मापदण्डमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि देहायको कर्मचारी तह बृद्धि हुन उम्मेदवार हुन सक्ने छनः

(अ) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(आ) तलवबृद्धि वा बढुवा रोक्का भएकोमा तलवबृद्धि वा बढुवा रोक्का भएको अवधिभर र

(इ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

(ई) विभागिय सजाय भइ बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर ।

(उ) समायोजन पछिका प्रदेश लोक सेवा आयोगबाट नयाँ विज्ञापनमा सिफारिस भई स्थानीय तहमा नियुक्ति पाएका

(ए) दफा ५ बमोजिमका कर्मचारी बाहेकका कर्मचारीहरु।

७. तह बृद्धि सम्वन्धि कार्यवृद्धिः (१) तह बृद्धिहुन चाहने कर्मचारीहरुले देहायबमोजि मको प्रकृया अवलम्वन गर्नुपर्नेछ ।

(क) तह बृद्धि हुन इच्छुक कर्मचारीले अनुसूचि २ बमोजिम निवेदन दिनु पर्नेछ । साथै कर्मचारीले निवेदन साथ समायोजन पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

(ख) तहबृद्धि सम्वन्धि एकिन गर्नेः तह बृद्धिका लागि यो निर्देशिका स्वीकृति भए पश्चात प्राप्त हुने निवेदनका सम्वन्धमा यस मापदण्डमा उल्लेखित आधार पूरा भए नभएको एकीन समितिले गर्नुपर्नेछ ।



जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ग) विवरण संलग्न हुनुपर्नेः तहबृद्धिको प्रकृया रुजु गर्दा कर्मचारी व्यवस्थापन प्रणाली समायोजन प्रणाली तथा वैयक्तिक विवरण प्रणालीलाई आधार मान्नुपर्ने र दुबै प्रणालीको विवरण संलग्न हुनु पर्नेछ ।

(घ) तह वृद्धि तथा बढुवा सम्वन्धि नियुक्ति अनुसूची ३ बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## तहवृद्धि सम्वन्धि समिति सम्वन्धि व्यवस्था

८. तहवृद्धि समितिः (१) यस मापदण्ड बमोजिम एक पटकको लागि गरिने तहवृद्धिका लागि दफा ४ बमोजीम पेश भएको निवेदन र कागजातको मुल्याङ्कन गर्न गाउँपालिकामा तहवृद्धिका लागि देहाय बमोजिमको सिफारीस समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) अधिकृत छैटौं/सातौ तहको कर्मचारी -सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठकमा अन्य प्रमुख, शाखा प्रमुखलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा १ बमोजिमको समितिले बैठकको कार्यविधि आफै तय गर्न सक्नेछ ।

(४) प्रशासन शाखाको कर्मचारि नभएको खण्डमा पालिकाको पाँचौ वा छैठौं स्थायी कर्मचारी सदस्य सचिव भई कार्य गर्न सक्नेछ ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सूचना प्रकाशन गर्नेः सात दिनको समयावधी दिई आवेदन गर्ने समय प्रदान गर्ने ।

(ख) सूचना अवधि भित्र परेको आवेदन तथा कागजातहरुको छानविन गर्ने ।

(ग) यस मापदण्ड भित्र पर्ने आवेदक कर्मचारीहरुको स्तरवृद्धि गरि पदस्थापना पत्र प्रदान गर्ने।

९. न्यूनतम शैक्षिक योग्यताः

(१) नियमित रुपमा स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह बृद्धि गरिनेछः-

| क.स. | हालको तह | तह बृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | चौथो | पाचौं | SLC वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |



जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | छैटौं | सातौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १ र २ बमोजिम बढुवा र तह बृद्धि भएका कर्मचारीको हकमा नियुक्ति भएको समयावधि १२ वर्ष भन्दा बढि भई अध्यादेश तथा यो निर्देशिका जारी हुँदाका बखतसम्म तह बृद्धि नभएका कर्मचारीहरुलाई नियमित रुपमा हुने तहबृद्धिको उम्मेदवार भई तह बृद्धि हुन कुनै बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम तह बृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय गर्नु पर्नेछ । सो प्रयोजनको लागि कम्तीमा एक महिना वेभसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ ।

(४) तह बृद्धि सम्बन्धि अन्य व्यवस्था अध्यादेशको दफा २८ बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## विविध

६. जानकारी दिनु पर्नेः (१) यस निर्देशिका बमोजिम गरेको बढुवा र तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

७. बाधा अड्काउ फुकाउन सक्नेः यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

८. प्रचलित कानून बमोजिम हुनेः यस निर्देशिकामा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुसूचि ५

दफा ३ को उपदफा १(घ) सँग सम्वन्धित

मिति:

## बढुवा तथा तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्वन्धी सूचना

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्वन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ८ को उपदफा १६ अनुसार तथा स्थानीय सेवामा कार्यरत स्थायि कर्मचारीहरुको एक पटकको लागि एक तह बृद्धि सम्वन्धी निर्देशिका, २०८० को दफा ५ वमोजिम बढुवा तथा तह बृद्धि हुने कर्मचारीहरुले सात दिन भित्र देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

पेश गर्नु पर्ने कागजातहरु

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख सङ्घीय लोक सेवा आयोगवाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) सरुवा वा कामकाजमा खटेको कर्मचारीको हकमा सो सम्वन्धीको पत्र,

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुसूचि-२

दफा ७ को उपदफा १(क) सँग सम्बन्धित

**बढुवा तथा तह बृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा**

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर।

विषय: बढुवा/तह बृद्धिको निवेदन पेश गरेको ।

तहाँ कार्यालयको मिति २०८०   प्रकाशित बढुवा तथा तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचनानुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. बढुवा/तह बृद्धि हुने कर्मचारीको नाम:

२. स्थायी ठेगाना

३. पद:

४. शुरु नियुक्ति मिति:

५. हालको पदमा बढुवा नियुक्ति मिति:

६. शैक्षिक योग्यता:

पेश गरिएका कागजातहरु

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

(ख) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) सरुवा वा कामकाजमा खटेको कर्मचारीको हकमा  सो सम्वन्धीको पत्र,

प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि ३

दफा ७ को उपदफा (१(घ) संग सम्वन्धित

बढुवा तथा तह बृद्धि नियुक्तिको ढाँचा

मिति:

विषय: बढुवा/तह बृद्धि नियुक्ति।

श्री ........................... (कर्मचारी संकेत नं...........)

रौतामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर ।

यस कार्यालयको मिति २०८०/०१/.. को निर्णयानुसार स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ८ को उपदफा १४/१६ वमोजिम तपाईलाई देहाय अनुसार बढुवा/ तहवृद्धि गरिएको छ।

बढुवा/ तहबृद्धि हुनु भएकोमा हार्दिक बधाई राष्ट्र सेवामा उच्च मनोवलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ ।

| हाल कार्यरत पदको विवरण | बढुवा/तह बृद्धि भएको पदको विवरण |
|---|---|
| १.सेवा: | १. सेवा: |
| २.समूह/उपसमूह: | २. समूह/उपसमूह: |
| ३.पद: | ३. पद: |
| ४.तह: | ४. तह: |
| ५.नियुक्ति मिति: | ५. जेष्ठता कायम हुने मिति: |

बोधार्थ

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री लोकसेवा आयोग केन्द्रियकार्यालय, अनामनगर काठमाण्डौं ।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर ।

श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, पुलचोक ललितपुर ।

श्री कर्मचारी संचयको, त्रिदेवीमार्ग काठमाण्डौं. ।

श्री नागरिक लगानिकोष, नयाँवानेश्वर, काठमाण्डौं

श्री प्रदेश किताबखाना विराटनगर ।

श्री प्रदेश लोकसेवा आयोग विराटनगर/ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गाईघाट

श्री आर्थिक प्रशासन शाखा रैतामाई गाउँपालिका, उदयपुर

बालक बस्नेत

प्रमुख प्रशासकीय अधिकृत